बहसमा नेपालमा गाजाँखेती

■ *गण्डकी प्रदेश सरकारले औषधिजन्य तथा औद्योगिक प्रयोजनको लागि गाँजा खेतीलाई नियमन गर्ने विधेयक अघि सारेपछि यसबारेको बहस चुलिएको छ । गाँजाखेतीबाट निकैथरी लाभ पाउन सकिए पनि स्पष्ट कानुनी व्यवस्था हुँदाहुँदै पनि फितलो कार्यान्वयन हुने गरेको सन्दर्भमा यसको दुरुपयोगको जोखिम पनि उत्तिकै छ ।*

■ चमिना भट्टराई

गण्डकी प्रदेश सरकारले 'औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजाखेतीलाई नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' अघि बढाएपछि नेपालमा गाँजाखेतीका सबल र कमजोर पक्षबारे फेरि बहस सुरु भएको छ । गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बयालले उक्त विधेयक प्रदेशसभामा भन्दै २ हप्ताअघि नै प्रस्तुत गरे पनि छलफल भने भएको छैन ।

प्रदेश सरकारका अधिकारीहरूका अनुसार रोजगारी र आयआर्जन बढाउने उद्देश्यसहित उक्त विधेयक अघि बढाइएको हो । लागुऔषधका रूपमा सेवन गर्न नभई औषधीय र औद्योगिक कच्चा पदार्थका लागि मात्रै खेती गर्न दिने गरी विधेयक ल्याइएको गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बताए ।

नेपालमा गाँजाखेतीको वैधानिकताका बारेमा चर्चा हुनेगरेको यो पहिलोपटक होइन । तत्कालीन सांसद विरोध खतिवडा र शेरबहादुर तमाङहरूले २०७५ सालमा संघीय प्रतिनिधिसभामा गाँजाखेतीलाई वैधानिकता दिन माग गर्दै संसद्मा प्रस्ताव पेश लगेका थिए । तर, त्यसले कुनै सार्थकता पाएन ।

कानुनतः अवैधानिक रहे पनि नेपालको पहाडी भूभागका बौझा जमिनमा उल्लेख्य मात्रामा गाँजा खेती हुने गरेको स्मरण गर्दै गण्डकी सरकारका ती अधिकारी भन्छन्, 'मानिसहरूलाई रोजगारी दिन । आफ्ले कहाँ न कहाँ औषधि तथा औद्योगिक कच्चा पदार्थका निम्ति यसको आवश्यकता पनि देखिएको छ ।' ठुलो मिहिनेत र जनशक्तिको खोँची पनि नपर्ने र सहजै उत्पादन हुने यसले राम्रो आयआर्जन गर्न सक्ने र राज्यले पनि राजस्व असुल गर्न सक्ने उनीहरूको दाबी छ ।

प्रदेशसभामा प्रस्तुत विधेयकमा गाँजा उत्पादनको सम्भाव्यता, सुरक्षा व्यवस्था, खाद्य उत्पादन र खाद्य सुरक्षामा पर्न सक्ने असर समेतलाई विश्लेषण गरेर प्रदेश सरकारले सम्भव भएसम्म खाली, बौझो, वा न्यून उत्पादकत्व भएको क्षेत्रलाई गाँजा खेती गर्न सकिने क्षेत्रका रूपमा तोक्न सक्ने उल्लेख छ ।

कति चुनौती कति अवसर ?

गण्डकी सरकारका अधिकारीहरू आफूहरू आफूखुसी गाँजाखेती पक्षमा नरहेको बताउँदै आवश्यक नियमनका उपायहरू पनि विधेयकमै प्रस्तावित गरिएको बताउँछन् । विधेयकका अनुसार गाँजाखेती गर्न चाहने पक्षले 'लाइसेन्स' लिनुपर्छ तर त्यो प्राप्त गर्नुअघि पूर्वसहमति पनि आवश्यक पर्ने सर्तहरू प्रस्ताव गरिएछन् ।

'विश्वका धेरै देशमा गाजाखेतीलाई वैधानिकता दिएकाले नेपालमा पनि यसलाई वैधानिकता दिनपर्ने अर्को पूर्वमन्त्री शेरबहादुर तमाङको तर्क छ । 'जहाँसम्म यसको दुरुपयोगको कुरा छ । होक विजना सकारात्मक मात्रै कुरा छैन । यसमा सरकारले कडा कानुन बनाउने, नियमन निकायलाई चुस्त बनाएर वैधानिकता दिने हो भने, गाजाखेतीबाट आर्थिक रूपले राम्रो आन्दानी लिन सकिन्छ,' उनले भने, 'यसलाई कसरी व्यवस्थित बनाउने भन्ने कुरामा प्रशासन र सुरक्षा निकायमा पनि भर पर्छ । यदि प्रशासन र सुरक्षा निकायले राम्रोसँग नियमन गर्ने हो भने, यसबाट धेरै नै फाइदा लिन सकिन्छ । जिम्मा लिने निकायले त्यसको उत्पादन र बजारीकरण कसरी गर्छन् त्यसमा भरपर्छ दुरुपयोग होला भनेर तर्सिर बस्ने हो भने केही पनि गर्न सकिन्न ।'

पूर्वमन्त्री विरोध खतिवडा पनि नियमन निकायलाई चुस्त बनाएर नेपालमा गाँजाखेतीलाई वैधानिकता दिनपर्ने तर्क गर्छन् । भन्छन्, 'अब नेपालमा गाँजाखेतीका बारेमा बहस गर्ने होइन, यसलाई वैधानिक बनाउन बिला भयो ।' उनले भने, 'जैसैं कानुनी जटिलताले सहज बनाउँदै यसका सकारात्मक गुणको उत्पादनमा बिला गर्नु हुँदैन । बस नियमन कानुन र निकायलाई कडा बनाउनुपर्छ ।'

खतिवडाले संसद्मा गरेको प्रस्तावमा ' किसानलाई उत्पादन गर्न दिने र किसानले जमिनमा उत्पादन गरिसकेको जग्गाचाहिँ सरकारको स्थानीय तह, प्रदेश र संघीय तहमा बोर्ड हुन्छ । त्यो बोर्डले नियन्त्रण गर्छ । संकलनमा पनि बोर्डले सहयोग गर्छ । बोर्डमा जनप्रतिनिधिदेखि सुरक्षा निकाय पनि रहन्छन् । बोर्डले अनुगमन गरेर संकलन गरेको गाँजा कम्पनीलाई निश्चित नियममा रहेर बेच्नुपर्छ । किन्ने के प्रयोजनका लागि, कुन चिज उत्पादन गर्ने भन्ने बारेमा प्रष्ट पारेर मात्रै दिने व्यवस्था हुनपर्छ । कसैले रेसाको कपडा बनाउने भन्ला, कसैले बायाबाट तेल वा अत्तर बनाउने भन्ला । कसैले औषधि वा अरू सामान बनाउन सक्छ ।'

गाँजाखेतीका लागि नेपालमा विद्यमान कानुनी जटिलताका बारेमा गण्डकी प्रदेशका पूर्व मुख्यन्यायाधिवक्तासमेत रहेका अधिवक्ता डा. राजेन्द्र बिमोरे भन्छन्, 'सैद्धान्तिक रूपमा यसलाई वैधानिकता दिनु ठिक हो । तर, हाम्रोजस्तो देशमा त्यसको नियन्त्रण र प्रयोगमा कानुन कार्यान्वयन र नियमन राम्रोसँग भएन भने, त्यसले समाजमा नकारात्मक असर पार्न सक्छ, ।' उनका अनुसार यसको व्यवस्थापन राम्रोसँग गर्न हो भने आर्थिक रूपमा राम्रो टेवा पुग्छ । 'अमेरिका धेरै राज्यहरूमा यसलाई वैधानिकता दिएको छ,' उनले भने, 'यसको धेरै पक्ष राम्रो छ । नियन्त्रण र नियमन राम्रो गर्न सकियो भने यसबाट धेरै फाइदा लिन सकिन्छ ।'

अधिवक्ता बिमोरले हामीकहाँ कानुनी प्रावधान राम्रो बनाए पनि कार्यान्वयन पक्ष कमजोर हुने गरेको दृष्टान्त दिँदै गाँजाखेतीलाई वैधानिकता दिँदा भोलि आउनसक्ने कानुनी र व्यावहारिक जटिलतामा आँहिरुपै गम्भीर हुनपर्ने उनले बताए । यसका लागि निगमन गर्ने निकाय, प्रतिबद्ध, निष्पक्ष र शक्तिशाली हुनपर्ने उनले बताए ।

विश्वका भण्डै ५ वर्जनभन्दा बढी देशमा गाँजाखेतीले 'सशर्त' वैधानिकता पाएको छ । निश्चित कानुनी प्रावधानको पालना गर्दै उनीहरू हामीले भान मकैको खेती गरेझैं गाँजाखेती गरेर मनग्य कमाउँछन् । गाँजा एक प्राकृतिक वनस्पती हो जसको सेवनले नसा प्रवान गर्दछ । अत्यधिक गाँजा सेवन वा यसको गलत प्रयोगले मानव स्वास्थ्यमा असर गर्छ । गाँजाको नशाले व्यक्तिको कार्य उत्पादकत्वमा ह्रास त्याउँछ ।

यद्यपि यसमा ४९३ किसिमका जैविक र रासायनिक तत्व हुन्छन् जसमध्ये टेट्राहाइड्रोकवानाबिनोल (टी.एच.सी) र क्यानाबिडियोल (सी.बी.डी) २ प्रमुख तत्वहरू मानिन्छन् । गाँजा सेवन गर्दा लाग्ने नसा जसलाई युफोरिया भन्ने गरिन्छ त्यसको मुख्य कारण त्यसमा रहेको टी.एच.सी हो र टी.एच.सीले कुनै पनि मनोवज्ञानिक असर गर्दैन । गाँजा संसारकै पहिलो खेती गरिएको वनस्पती मध्ये एक मानिन्छ । हिन्दुहरूको धार्मिक ग्रन्थको ४ वेद मध्ये अथर्व वेदमा गाँजालाई संसारको ५ उत्कृष्ट वनस्पती मध्ये एक भनेर लेखिएको छ ।

विभिन्न औषधीय गुणहरू बोकेको यस वनस्पतीको फाइदा पनि बलियो प्राकृतिक फाइदामध्ये एक हो । यसको फाइदाबाट बनेका भौंडाहरू प्राचीनकालमा तालवान, जापान र विभिन्न देशमा प्रयोग भएको पाइएको छ । १७औं शताब्दीमा यसलाई दु:खार कम गर्नका लागि औषधीको रूपमा खाने गरेको पाइएको छ । १९औं शताब्दीसम्म आस्पुग्दा प्रथम तथा द्वितीय विश्वयुद्धमा सैनिकहरूको साहस बढाउन र दु:खार कम गर्न गाँजाको प्रयोग गरिएको मानिन्छ । नेपालमा पनि यसलाई पशुचौपायाका चाचन कम भएका बेला, झाडापखालाको लागेका बेला खुवाउने प्रचलन अझै पनि यथावत छ ।

■ गाँजाखेतीलाई वैधानिकता दिन ढिला भइसक्यो

गाँजाका बारेमा अनेक भ्रम छ । यो लागुऔषध मात्रै होइन, औषधि पनि हो । यसबाट अन्य आम्दानी पनि लिन सकिन्छ । यसका कुनै पनि चिज खेर जाँदैनन् ।

● विरोध खतिवडा, पूर्वमन्त्री

सरकारले कडा कानुन बनाउने, नियमन निकायलाई चुस्त बनाएर वैधानिकता दिने हो भने, गाँजाखेतीबाट आर्थिक रूपले राम्रो आन्दानी लिन सकिन्छ । यसलाई कसरी व्यवस्थित बनाउने भन्ने कुरा प्रशासन र सुरक्षा निकायमा पनि भर पर्छ । यदि प्रशासन र सुरक्षा निकायले राम्रोसँग नियमन गर्ने हो भने, यसबाट धेरै नै फाइदा लिन सकिन्छ । जिम्मा लिने निकायले त्यसको उत्पादन र बजारीकरण कसरी गर्छन त्यसमा भरपर्छ ।

राम्रो कानुन बनाएर व्यवस्थित रूपमा उत्पादन गर्ने हो भने, अन्तर्राष्ट्रिय बजारमा पठाउन सकिन्छ र राम्रो आम्दानी हुन्छ । यसको अर्को फाइदा भनेको त्यसै पनि गाजाखेती रोकिएको छैन । अवैधानिक रूपमा हुने खेती अझ जोखिम र नोक्सानीपूर्ण छ । मान्छे ठराहठराह लगानी गरेर खेती गर्छन् । उत्पादनको तयारी हुने बेला प्रहरीले नष्ट गर्छ । कान्तीमा यसलाई वैधानिक बनाउन सकियो भने एउटा सिस्टममा चल्छ ।

गाँजाका बारेमा अनेक भ्रम छ । यो लागुऔषध मात्रै होइन, औषधि पनि हो । यसबाट अन्य आम्दानी पनि लिन सकिन्छ । यसका साथै यसबाट बनेका कपडा महँगो हुन्छ । त्यसबाट पनि किसानले फाइदा लिन सकछन् । यसलाई सकारात्मक रूपमा लिएर व्यवस्थित गर्नसके धेरै फाइदा छ । अब दुरुपयोगकै कुरा गर्ने हो भने त अहिले पनि भएकै छ । अब मान्छे कुलतमा फस्छन्, दुरुपयोग होला भन्ने जुन आशंका छ । त्यस बारेमा नियमन निकायले राम्रोसँग हेर्नुपर्छ ।

यसको अर्को उपाय पनि छ । उत्पादन गरेर औषधि उत्पादन कम्पनीलाई मात्रै पनि बिक्री गर्न सकिन्छ । लागुऔषधका रूपमा प्रयोग गर्न नदिने, आयुर्वेदिक औषधि उत्पादन गर्ने र विदेश निर्यात गर्न सकिन्छ । अहिले जुन सिस्टमबाट नियन्त्रण भइरहेको त त्यसैबाट नियन्त्रण गर्ने हो भने किसानले फाइदा लिन्छ, सरकारलाई राजस्व आउँछ । ठाउरा कस्ने हो भने, तेल कारखाना बनाए आगलागि होला । बारुद कारखाना किन बनाउने ? ग्यास पनि राम्रोसँग प्रयोग गर्न यसके खतरा हुन्छ किन बनाउने ? कृषिमा प्रयोग हुने अनेक विषादी उत्पादन किन गर्ने ? त्यसको पनि दुरुपयोग हुँदा रिक्स छ त । कुन कुरामा रिक्स छैन ? त्यसैले कुनै पनि कामका रिक्स हुन्छ र लिनैपर्छ । अबचाहिँ नेपालमा गाँजाखेतीलाई वैधानिकता दिन ढिला भइसक्यो ।

■ गाँजा सबै हिसाबले उपयोगी छ

किसानलाई नै उत्पादन गर्न दिने र किसानले जमिनमा उत्पादन गरिसकेको गाँजाचाहिँ स्थानीय तह, प्रदेश र संघीय तहको बोर्डले नियन्त्रण गर्छ । संकलनमा पनि बोर्डले सहयोग गर्छ ।

● शेरबहादुर तमाङ, पूर्व मन्त्री

नेपालका कुनै पनि माटो र भूगोलमा गाजाँखेती गर्न सकिन्छ । अरू खाली नहुने माटोमा पनि यसको खेती गर्न सकिने भएकाले यसबाट मस्य आम्दानी लिन सकिन्छ । त्यसैले हामीले यसलाई मान्यता दिनुपर्छ भन्दै आयौं र संसद्मा प्रस्ताव पनि गऱ्यौं । व्यावसायिक दृष्टिले पनि गाँजाखेती गर्ने किसानका लागि आर्थिक रूपमा पनि राम्रो हुन्छ । यसले देशको अर्थतन्त्रलाई पनि राम्रो टेवा पुऱ्याए भएकाले नेपालका लागि अत्यन्तै सान्दर्भिक छ । कुनै पनि निकको उपयोग गर्ने कि नगर्ने

किसानलाई मात्रै उत्पादन गर्न दिने त्यो, पनि जति जमिनमा उत्पादन गर्छु भनेर अनुमति लिएको छ त्यतिमा मात्रै उत्पादन गर्न पाउने व्यवस्था गर्ने । कुनै उद्योगी वा व्यवसायीलाई उत्पादन गर्ने अनुमति दिन हुँदैन । किसानलाई नै उत्पादन गर्न दिने र किसानले जमिनमा उत्पादन गरिसकेको गाँजाचाहिँ स्थानीय तह, प्रदेश र संघीय तहको बोर्डले नियन्त्रण गर्छ । संकलनमा पनि बोर्डले सहयोग गर्छ । बोर्डमा जनप्रतिनिधिदेखि सुरक्षा निकाय पनि रहन्छ । बोडले नियन्त्रण गरेर संकलन गरेको गाँजा कम्पनीलाई निश्चित नियममा रहेर बेच्नुपर्छ । किन्ने के प्रयोजनका लागि, कुन चिज उत्पादन गर्ने भन्ने बारेमा प्रष्ट पारेर मात्रै दिने व्यवस्था हुनपर्छ । कसैले रेसाको कपडा बनाउने भन्ला, कसैले बायाबाट तेल वा अत्तर बनाउने भन्ला । कसैले औषधि

FREE VISA! FREE TICKET!! ZERO COST!!!

Riyadh International Catering Corporation, (McDonald's) Saudi

एई पहिलाई मिति : २०८२/०७/२५ LT. No. 330195 छनोट नं. ६०००००६

सि. नं.	कामदारको पद	जम्मा संख्या		मासिक तलब		भोजन तथा आवास सुविधा	यातायात खर्च वापत रकम	हेल्थ भिसा शुल्क	सेवा शुल्क	जम्मा खर्च	कैफियत
		पुरुष	महिला	Riyal	डी.ए.						
1	Fast Food Maker	72		1200	sq.555	नरहे अनुसार	२ महिना	६ दिन	नरहे अनुसार	EE	१० वर्ष

नि: शुल्क भिसा, नि: शुल्क टिकट, नि: शुल्क खाना, नि: शुल्क बस सुविधा, नि: शुल्क आवास सुविधा, नि: शुल्क कामको सुरक्षा, राम्रो तलब, राम्रो वातावरण, राम्रो व्यवस्थापन, राम्रो सुविधा, राम्रो भविष्य

छनोटका लागि दिनु पर्ने कागजातहरू : CV, Passport, Photo, Citizenship, Bank Account, Medical, Training, Experience, Recommendation, Other Documents

Tirra Partners Pvt. Ltd. (Govt. Licence 1704/081/082)
Kamalpokhari-28, Kathmandu, Nepal E-Mail: applications@tirrapartners.com.np
Tel: 977-01-4548020, 4548021, Web: www.tirrapartners.com.np

Bhotekoshi Rural Municipality
Office of the Rural Municipal Executive
Fulpingkatti, Sindhupalchok

INVITATION FOR E- Bid

(First Date of Publication: 2082/08/11 (27/11/2025)

Bhotekoshi Rural Municipality invites electronic bids from eligible bidders (Suppliers) for the procurement of mentioned below under SQ procedures . Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Bhotekoshi Rural Municipality website www.bhotekoshimun.gov.np.

S. N.	Project Name	Contract ID	Last Date of Bid Submission	Date of Bid Opening	Bid validity Period	Bid Security Amount	Bid Document Fee
1.	Supply and delivery of stationary and other goods	BRM/W/GOODS/ SQ/082/083-01	2082/08/26 (12/12/2025) 12:00 hrs	2082/08/26 (12/12/2025) 13:00 hrs.	45 days	50,000.00	1,000.00

Chief Administrative Officer